सहकारी संघ संस्थाहरूको प्रवर्द्धन विकास एवं बैंकिङ कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक
National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

# राष्ट्रिय सहकारी बैंक लिमिटेड

## निर्वाचन उपसमिति

### सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धी थप सूचना

मितिः २०८३/०१/२५

मिति २०८२ मङ्सिर ६ गते बैंकको एकाई साधारण सभा एबम् मिति २०८२ मङ्सिर १३ गतेको एकाई प्रतिनिधिहरुको सभाको निर्णय, बैंकको निर्वाचन कार्यविधि, नेपाल राष्ट्र बैंकको निर्देशन, प्रचलित कानुन लगायतका नीतिगत प्रावधानहरूको आधारमा सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूको निर्वाचनको विषयमा थप जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क.सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको गठनः**

बैंकमा कुल ९ जना सदस्य भएको सञ्चालक समिति रहनेछ। सदस्यहरूको बाँडफाँड वा विभाजन तपशिल अनुसार हुनेछः

(१) प्रादेशिक सञ्चालक : ७ (प्रादेशिक प्रतिनिधित्व हुने गरी खुला प्रतिस्पर्धाद्वारा प्रत्यक्ष निर्वाचित, २ महिला सहित)

(२) विज्ञ सञ्चालक (सहकारी र बैंकिङ्ग विज्ञ) : २ (सञ्चालक समितिले नियुक्त गर्ने)

**ख. लेखा सुपरिवेक्षण समितिको गठनः**

(१) प्रत्यक्ष निर्वाचन प्रकृयाबाट लेखा सुपरिवेक्षण समितिमा १ जना संयोजक र १ जना महिला सहित २ जना सदस्य गरी ३ जना निर्वाचित गरिनेछ ।

**ग. महिला सञ्चालकको आरक्षणः**

बैंकको सञ्चालक समितिको मिति २०८३ वैशाख १६ गते बसेको बैठकबाट आगामी निर्वाचनको प्रयोजनका लागि एकाइ २ मधेश प्रदेश र एकाइ ४ गण्डकी प्रदेशलाई महिला सञ्चालकको लागि आरक्षित गरिएको छ ।

**घ. उम्मेदवारी पत्र/फारम लिनका लागि पेश गर्नुपर्ने कागजातहरु**

(१) उम्मेदवारी दिन चाहेको व्यक्तिको नागरिकताको प्रतिलिपी,

(२) उम्मेदवारको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १ प्रति,

(३) लेखा सुपरीवेक्षण समितिको संयोजक पदमा उम्मेदवारी पेश गर्ने भएमा रू १०००/- र अन्य बाँकी पदको लागि रू ५००/- राष्ट्रिय सहकारी बैंकको नाममा जम्मा गरेको बैंक भौचरको सक्कल प्रति,

राष्ट्रिय सहकारी बैंक लिमिटेड
२२ औँ वार्षिक साधारणसभा
निर्वाचन उपसमिति
संयोजक

ङ. उम्मेदवारी दरखास्त दिंदा पेश गर्नुपर्ने कागजातहरू

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १. | तोकिएको ढाँचामा उम्मेदवारी मनोनयन फारम | |
| २. | नागरिकताको प्रतिलिपि | स्वःप्रमाणित गरिएको |
| ३. | साधारण सभाको प्रतिनिधि परिचय पत्र (कार्ड) को प्रतिलिपि | |
| ४. | हालसालै खिचिएको पासपोर्ट साइजको फोटो | १ प्रति |
| ५. | शैक्षिक योग्यता, पेशा र अनुभव सम्बन्धि कागजपत्रहरुको प्रतिलिपि | स्वःप्रमाणित गरिएको |
| ६. | प्रतिनिधित्व गरेको सहकारी संस्थामा कर्जा बाँकी बक्यौता नभएको पत्रको सक्कलप्रति | सम्बन्धित संस्थाले उपलब्ध गराउने |
| ७. | एकाघर परिवारका सदस्य सञ्चालक रहेको सहकारी संघसंस्थामा बाँकी बक्यौता नभएको स्वघोषणा | स्वघोषणा |
| ८. | प्रतिनिधित्व गर्ने सहकारी संघसंस्थाको हाल यस बैंकमा कर्जा नभएको सम्बन्धी राष्ट्रिय सहकारी बैंकद्वारा जारी गरिएको पत्रको सक्कलप्रति | कारोवार रहेको शाखाबाट प्राप्त गर्न सकिने |
| ९. | प्रस्तावक र समर्थकको प्रतिनिधि परिचय पत्र (कार्ड) र नागरिकताको प्रतिलिपी | |
| १०. | कुनै सहकारी सङ्घसंस्थामा सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिमा रही कम्तीमा एक कार्यकाल पूरा गरेको अनुभव पत्रको प्रतिलिपि | सम्बन्धित सहकारी संघ संस्थाबाट लिई पेश गर्ने |
| ११. | बैंकले उपलब्ध गराएको ढाँचामा स्वघोषणाको सक्कल पत्र | |
| १२. | बैंकले उपलब्ध गराएको ढाँचामा व्यक्तिगत र पारिवारिक विवरण | |
| १३. | उम्मेदवारी धरौटी बुझाएको भौचर (लेखा सुपरिवेक्षण समितिको संयोजक लागि हकमा रु १०,०००/- र सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्य पदमा रु ५,०००/-) | |

- फारमको साथमा संस्थाबाट पेश गर्नुपर्ने कागजातहरुको नमुना फारम बैंकमा उम्मेदवारी मनोनयन फारम लिन जाँदा प्राप्त गर्न सकिनेछ ।
- क्र.सं ७ बमोजिमको स्वघोषणामा उम्मेदवार स्वयमले उम्मेदवारी दरखास्त दर्ता गराउन जाँदा बैंकको आधिकारिक व्यक्तिको सामुन्ने हस्ताक्षर गर्नुपर्नेछ ।
- क्र.स. ८ अनुरुपको सहकारी बैंकबाट जारी गरिने पत्र संस्थाको कारोवार रहेको शाखाबाट नै लिनुपर्नेछ।
- निर्वाचन कार्यतालिकामा तोकिएको समयभित्र सम्पूर्ण कागजातहरु सहित उम्मेदवारी दरखास्त गराउनुपर्नेछ ।

राष्ट्रिय सहकारी बैंक लिमिटेड
२२ औं वार्षिक साधारणसभा
निर्वाचन उपसमिति
संयोजक

च. उमेदवारको योग्यता सम्बन्धी जानकारी

अ. देहायका योग्यता पुगेका व्यक्तिहरू मात्र सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारी वा सदस्यको उम्मेदवारका लागि योग्य हुनेछन्:

१. नेपाली नागरिक,
२. उमेर २५ वर्ष पुगेको,
३. मानसिक सन्तुलन नबिग्रिएको,
४. बैङ्कले तोकेको न्यूनतम शेयर खरिद गरेको,
५. प्रचलित कानुनले अयोग्य नभएको,
६. बैङ्कसँग कुनै ठेक्कापट्टा वा व्यक्तिगत स्वार्थ नभएको,
७. मिति २०८२ मंसिर ६ गते सम्पन्न एकाइ साधारण सभाको प्रतिनिधि भएको र प्रकाशित मतदाता विवरणमा नाम रहेको,
८. नेपालबाहेक अन्य देशमा स्थायी बसोबासको अनुमति पत्र प्राप्त नगरेको,
९. बैङ्कबाट अवकाश भएका कर्मचारीको हकमा सेवाबाट अलग भएको १ वर्ष पूरा भएको,
१०. विनियमको आधारमा अन्य योग्यता पुरा गरेको ।

आ. अन्य सर्तहरू (नियामकीय निर्देशनहरू समेत)

१. सहकारी बैंकको सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्था वा भुक्तानी सम्बन्धी कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था वा विप्रेषणको कारोबार गर्ने इजाजतपत्र प्राप्त संस्था वा सहकारी ऐन बमोजिम गठित सहकारी संस्थाको सञ्चालक पदमा बहाल रहन पाउने छैन। यदि त्यस्तो व्यक्ति निर्वाचित भएमा निर्वाचित भएको ७ दिनभित्र सम्बन्धित संघ/संस्थाबाट राजिनामा स्वीकृत गरेको प्रमाण बैंकमा पेश गर्नुपर्नेछ।
२. संघीय संरचना बमोजिमको स्थानीय, प्रादेशिक वा संघीय तहको पदाधिकारीमा निर्वाचित व्यक्तिहरु वा सार्वजनिक पद धारण गरेको व्यक्ति पदमा बहाल रहुञ्जेल बैंकको सञ्चालक समितिमा प्रतिनिधित्व गर्न पाउने छैनन् ।
३. सञ्चालक समितिमा निर्वाचित हुनको लागि प्रचलित कानुनबमोजिम कालो सूचीमा नपरेको वा कालो सूचीमा परेको भएमा फुकुवा भएको मितिले ३ वर्ष पूरा भएको हुनुपर्नेछ।

इ. न्यूनतम शैक्षिक योग्यता तथा कार्य अनुभव सम्बन्धि योग्यता

१. **सञ्चालक समिति सदस्यः** सञ्चालकको हकमा दश जोड दुई वा प्रवीणता प्रमाणपत्र तह वा माध्यमिक तह (कक्षा १२ सम्म) वा सहकारीमा डिप्लोमा उत्तीर्ण गरेको र बैङ्क वा वित्तीय संस्था वा सम्बन्धित (सहकारी) क्षेत्रका सङ्गठित संस्थाको सञ्चालक वा व्यवस्थापन तहमा वा नेपाल सरकारको अधिकृतस्तरमा कम्तीमा दुई वर्ष काम गरेको वा व्यवस्थापन, बैङ्किङ,

राष्ट्रिय सहकारी बैंक लिमिटेड
२२ औं वार्षिक साधारणसभा
निर्वाचन उपसमिति
संयोजक

वित्तीय, मौद्रिक अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानुन विषयमा स्नातक वा सो सरहको उपाधि हासिल गरेको।

२. लेखा सुपरिबेक्षण समिति संयोजकः व्यवस्थापन, बैङ्किङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानुन विषयमा स्नातक वा सो सरहको उपाधि हासिल गरी वा चार्टड एकाउन्टेन्सी उत्तीर्ण गरी सम्बन्धित क्षेत्रका सङ्गठित संस्थाको सञ्चालक/ लेखा सुपरिवेक्षण समिति वा पदाधिकारी तहमा वा नेपाल सरकार वा बैङ्क वा वित्तीय संस्थाको कम्तीमा अधिकृत वा सोभन्दा माथिको पदमा कम्तीमा चार वर्षको कार्य अनुभव हासिल गरेको।

३. लेखा सुपरिबेक्षण समिति सदस्यः व्यवस्थापन, बैङ्किङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानुन विषयमा स्नातक वा सो सरहको उपाधि हासिल गरी सम्बन्धित क्षेत्रका सङ्गठित संस्थाको सञ्चालक/ लेखा सुपरिवेक्षण समिति वा पदाधिकारी तहमा वा नेपाल सरकार वा बैङ्क वा वित्तीय संस्थाको कम्तीमा अधिकृत वा सोभन्दा माथिको पदमा कम्तीमा दुई वर्षको कार्य अनुभव हासिल गरेको।

अधिवक्ता प्रबल शर्मा
संयोजक
निर्वाचन उपसमिति

राष्ट्रिय सहकारी बैंक लिमिटेड
२२ औं वार्षिक साधारणसभा
निर्वाचन उपसमिति
संयोजक